म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३२२ मंगलबार १८ असार २०८१ ने. सं. ११४४ तछलागा 2 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**संक्रामक रोगबाट बचौं र बचाऔं ।**

*गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।*

**त्यसैले**

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एसईई परिणाम: निल जाने विद्यालयलाई कस्तो कारबाही होला ?

साझाकुरा संवाददाता



हेटौंडा, १७ असार/ माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा निराशाजनक आएपछि मकवानपुरका धेरै विद्यालयले अतिरिक्त कक्षा (कोचिङ) सुरु गरेका छन् । नतिजा प्रकाशन भएपछि कतिपय विद्यालयका शिक्षक, व्यवस्थापन समिति, अभिभावकको निन्द्रा हराएको छ ।

सामुदायिक र संस्थागत गरी १६ विद्यालय निल गएपछि शैक्षिक क्षेत्रमा चासो सुरु भएको हो । कतिपय पालिकाले निल गएका विद्यालयमा स्पष्टिकरण सोध्ने तयारी गरिरहेका छन् । तर, यसको आधिकारिक पुष्टि भने उनीहरुले गरेका छैनन् । राम्रो रिजल्ट आउने विद्यालयले नगरमा र्‍याली गर्ने, विद्यार्थी, शिक्षकलाई सम्मान गर्ने काम गरिरहेका छन् भने निल जाने विद्यालय भएका पालिकाले स्पष्टिकरणको तयारी गरिरहेको बुझिएको छ ।

मकवानपुरको १० पालिकाको नतिजामध्ये हेटौंडा उपमहानगरको नतिजा अग्रस्थानमा रहेको छ । हेटौंडाका २९ संस्थागतसहित ५८ विद्यालयबाट ३ हजार ५६ परीक्षार्थीले परीक्षा दिएकोमा १ हजार ७ सय ११ अर्थात ५५ दसमलव ९९ प्रतिशत उत्तीर्ण भएका छन् । हेटौंडाको एक सामुदायिक र एक संस्थागत विद्यालयको नतिजा शुन्य रहेको अर्थात निल गएको छ ।

थाहा नगरपालिकाको परिणाम दोस्रो स्थानमा रहेको छ । थाहा नगरपालिकाको ६ संस्थागत सहित १७ विद्यालयबाट ५ सय ३९ परीक्षार्थीले परीक्षा दिएकोमा १ सय ४८ अर्थात २७ दसमलव ४६ प्रतिशत नतिजा हासिल गरेको छ । थाहा नगरको कुनैपनि विद्यालयको नतिजा शुन्य रहेको अर्थात निल गएको छैन । मकवानपुरको मनहरी गाउँपालिकाले तेस्रो स्थानमा विद्यार्थी उत्तीर्ण गराउन सफल भएको छ । मनहरीका ३ संस्थागतसहित ११ विद्यालयबाट ४ सय ७७ परीक्षार्थीले एसइई परीक्षा दिएकोमा १ सय १५ अर्थात २४ दसमलव ११ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

मनहरीको ३ वटा विद्यालयको नतिजा शुन्य रहेको छ । यो संख्या शुन्य नतिजा हुने पालिकामध्ये मकवानपुरकै सबैभन्दा बढी हो । मनहरी-२, ३ र ४ नं. वडाका विद्यालय निल गएका हुन् । ईन्द्रसरोवर गाउँपालिकाका ६ सामुदायिक विद्यालयका ८४ जनाले एसईई परीक्षा दिएकोमा १४ जना अर्थात १६ दसमलव ६७ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । इन्द्रसरोवरमा एउटा विद्यालयको नतिजा शुन्य भएको छ । भीमफेदी गाउँपालिकाको ८ सामुदायिक विद्यालयबाट २ सय १४ परीक्षार्थीले परीक्षा दिएकोमा २१ जना मात्र अर्थात् ९ दसमलव ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

भीमफेदीको २ वटा विद्यालयको नतिजा शुन्य छ । मकवानपुरगढी गाउँपालिकाबाट १० सामुदायिक विद्यालयका ३ सय जनाले परीक्षा दिएकोमा ४६ जना अर्थात १५ दसमलव ३३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । मकवानपुर गढीको एउटा विद्यालयको नतिजा शुन्य भएको छ । बकैया गाउँपालिकाको ११ विद्यालयबाट ४ सय ४ जना परीक्षार्थीले परीक्षा दिएकोमा ५२ जना अर्थात १२ दसमलव ८७ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । बकैयाको २ वटा विद्यालयको नतिजा शुन्य रहेको छ ।

बागमती गाउँपालिकाका ५ वटा विद्यालयका २ सय ३५ परीक्षार्थीले परीक्षा दिएकोमा २७ जना अर्थात् ८ दसमलव ६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । बागमतीको पनि २ वटा विद्यालयको नतिजा शुन्य रहेको छ । कैलाश गाउँपालिकाको ६ वटा विद्यालयबाट १ सय ९९ परीक्षार्थीले परीक्षा दिएकोमा ११ जना अर्थात् ५ दसमलव ५३ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका छन् । यो उत्तीर्ण संख्या तथा प्रतिशत जिल्लामै सबैभन्दा कम हो ।

कैलाशको २ वटा विद्यालयको नतिजा शुन्य रहेको छ । राक्सिराङ गाउँपालिकाको ५ वटा विद्यालयबाट २ सय ३१ परीक्षार्थीले परीक्षा दिएकोमा २३ जना अर्थात ९ दसमलव ९६ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । राक्सिराङको एउटा विद्यालयको नतिजा शुन्य रहेको छ ।

मकवानपुरमा ३८ संस्थागत र ९९ सामुदायिक विद्यालयबाट ५ हजार ८ सय ३९ परीक्षार्थीले परीक्षा दिएकोमा २ हजार १ सय ६८ अर्थात ३७ दसमलव १३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको तथ्यांक शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरले दिएको छ ।

कक्षा १२ सम्म चलिरहेका कतिपय विद्यालयले एक जना पनि विद्यार्थी भर्ना लिन नसक्ने अवस्था सृजना भएको छ । निल गएका विद्यालयमा पालिकाले बिशेष चासो देखाएका छन् तर, कसरी अगाडि जाने भन्ने विषयमा निर्णय नभएको बताइएको छ । निल जाने विद्यालयलाई कारबाही गर्ने वा चेतावनी मात्र दिने भन्ने विषयमा पालिकाको नेतृत्व तहमा अन्यौल रहेको बताइएको छ । विद्यालयले भने कोचिङकक्षा संचालन गर्नका लागि अभिभावकसँग परामर्श गरिरहेका छन् ।

जिल्लाभर १६ विद्यालयको नतिजा शुन्य रहेको छ । हेटौंडा, थाहा र मनहरीमा मात्र संस्थागत विद्यालयको तर्फबाट विद्यार्थीले एसइई परीक्षा दिएका थिए । सामुदायिक विद्यालयतर्फ प्रगति माविको नतिजा उत्कृष्ठ रहेको छ भने संस्थागत विद्यालयतर्फ बालजागृति इंग्लिस सेकेण्डरी स्कूलको नतिजा जिल्लामै उत्कृष्ठ रहेको छ । एसईईमा ४ जीपिए ल्याउन सफल बालजागृतिकी रीतिका छत्कुली हुन् ।

# मनहरीबाट बालयौन दुर्व्यवहार आरोपमा शिक्षक पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा, १७ असार/ मकवानपुरको एक सामुदायिक विद्यालयमा अध्ययनरत् बालिकामाथि यौनदुर्व्यवहार गरेको आरोपमा शिक्षक पक्राउ परेका छन् ।

मनहरी गाउँपालिका-३, हाँडीखोलास्थित महेन्द्रज्योति माध्यमिक विद्यालयका शिक्षक ४४ वर्षीय दिनेश उप्रेतीलाई बालयौन दुर्व्यवहारको आरोपमा पक्राउ गरिएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरीनिरीक्षक प्रकाश साहले जानकारी दिए ।

पीडित बालिकाले सोमबार जिल्ला प्रहरी कार्यालयमा आएर उजुरी दर्ता गराएपछि शिक्षक उप्रेतीलाई पक्राउ गरेर घटना बारे अनुसन्धान सुरु गरिएको साहले बताए । शिक्षक उप्रेतीले पीडित बालिकामाथि यौनजन्य मनसायले संवेदनशील अंगमा छुने आरोप सहितको उजुरी दर्ता भएको प्रहरीले जनाएको छ ।

घटना दुई दिन अगाडि विद्यालय भित्रै भएको साहले जानकारी दिए । 'उजुरीमा स्कुलभित्रै दुईदिन अगाडि घटना भएको भनिएको छ,' साहले भने । आरोपित शिक्षकलाई बालयौन दुर्व्यवहार मुद्दा चलाउने साहले बताए । उप्रेती करारमा नियुक्त भएका शिक्षक हुन् । साँझ विद्यालयका प्रधानाध्यापक गोविन्द चौलागाईं लगायत विद्यालय व्यवस्थापन समितिका पदाधिकारी घटनाबारे बुझ्न जिल्ला प्रहरी कार्यालय मकवानपुरमा पुगेका थिए ।

बालबालिकासम्बन्धी ऐन २०७५ को परिच्छेद ८ को दफा ६६ मा बालबालिकाविरुद्ध हुने कसुर सम्बन्धी व्यवस्था छ । यो दफाको उपदफा (३) को (ङ)मा यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा छुने, चुम्बन गर्ने, समाउने, अंकमाल गर्ने वा आफ्नो, अरु कसैको शरीरको संवेदनशील अंग छुन, समाउन लगाउने, यौनजन्य मनसायले बेहोस पार्ने, यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने गरेमा ७५ हजार जरिवाना र तीन वर्षसम्म कैदको सजाय हुने व्यवस्था छ ।

# ४५ जनाले गरे रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ लायन्स क्लब अफ हेटौंडा मुक्तिनाथ र यस अन्तर्गतका चार लियो क्लबहरुले संयुक्त रुपमा रक्तदान कार्यक्रम आयोजना गरेका छन्। कार्यक्रममा ४५ जनाले रक्तदान गरेका छन् । क्लबका अध्यक्ष अशोक सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एस नेपालका डिस्ट्रिक्ट एक्जिक्युटिभ चिफ विकेशलाल श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा क्लब अफ हेटौंडा मसुक्तिनाथका अध्यक्ष अस्मित घिमिरे, लियो क्लब अफ हेटौंडा मुक्तिनाथ मल्टिभिजनका अध्यक्ष प्रनिश श्रेष्ठ, प्यारेडाइनका अध्यक्ष प्रतिक्षा ओझा, वरियरका अध्यक्ष कृति विष्ट, लियो डिस्ट्रिक्ट काउन्सिलका शुसान्त खतिवडालगायतको उपस्थिति रहेको थियो ।

यस अवसरमा रक्तसंचार केन्द्र हेटौंडाले लायन्स क्लब अफ हेटौंडा मुक्तिनाथ र लियो मुक्तिनाथ परिवारलाई सम्मान गरेको थियो । मुक्तिनाथ क्लबले प्रत्येक वर्ष जुलाई १ मा यस्तो रक्तदान कार्यक्रम आयोजना गर्दै आएको छ ।

# प्रेस युनियन मकवानपुरद्वारा महासंघमा धर्ना जारी

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले सार्वजनिक गरेको पत्रकारको अन्तिम नामावलीको विषयमा देशभर आन्दोलनरत नेपाल प्रेस युनियनले सोमबार महासंघको शाखा कार्यालय अगाडि धर्ना दिएका छन् ।

केन्द्रले जारी गरेको निर्देशनबमोजिम युनियन मकवानपुरले पनि पत्रकार महासंघको कार्यालय परिसरमा धर्ना दिएको हो । युनियन मकवानपुरका अध्यक्ष सुवास विडारीको नेतृत्वमा युनियनकर्मी पत्रकार धर्ना बसेका थिए । धर्ना कार्यक्रमलाई नेपाल प्रेस युनियनका महाधिवेशन प्रतिनिधि माधव न्यौपाने, गणेशदर्पण अधिकारीले आन्दोलनको औचित्य माथी प्रष्ट पारेका थिए ।

युनियनले राखेको मागलाई तत्काल सम्बोधन गर्नुपर्ने भन्दै यदि माग पुरा नभए महासंघको निर्वाचन कार्यक्रमलाई विफल बनाउने युनियनले जनाएको छ । सदस्यता शुद्धिकरणको नाममा भएको राजनीतिले सक्रिय पत्रकारको सदस्यता काटिएको छ, यदि ती साथीहरुको सदस्यता नआए युनियन मकवानपुरले अझ शसक्त आन्दोलन गर्नेछौं, अध्यक्ष विडारीले भने ।

युनियनकर्मीहरुले उठाएका माग सम्बोधन हुनुपर्ने उनले बताए । नेपाल पत्रकार महासंघले मतदाताको अन्तिम नामावली भन्दै क्रियाशील पत्रकारलाई हटाएर पत्रकारिता पेशामा आवद्ध नभएका व्यक्तिलाई समावेश गरी सार्वजनिक गरेको नामावली प्रेस युनियन मकवानपुरलाई स्वीकार्य नभएको पनि उनले बताए ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**सम्पर्क कार्यालय:**
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



साझाकुरा

## हाम्रो कुरा

# स्क्र्यावल खेलको उत्साह

नेपालमा स्क्र्यावल खेल भित्रिएको धेरै समय भएको छैन । स्क्र्यावल क्लब गठन भएको पनि एक दसक पुगेको छैन । मकवानपुरमा त भर्खरै मात्र स्क्र्यावलका बारेमा चर्चा हुन थालेको हो । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेन्डरी स्कुलको आयोजनामा शनिबार हेटौंडामा भएको स्क्र्यावल अभिमुखीकरण कार्यक्रमले मकवानपुरका ५५ भन्दा बढी विद्यालयका विद्यार्थीलाई स्क्र्यावल खेलबाट पढाइमा सुधार हुने रहेछ भन्ने थाहा भयो । अभिमुखीकरण कार्यक्रममा सहभागी भएका बालबालिकाले विद्यालयमा साथीहरुलाई स्क्र्यावल खेल्न सिकाउन थालेका छन् । खेल्दाखेल्दै अंग्रेजी शब्दको ज्ञान बढ्ने उनीहरुलाई लागेको छ । नयाँ खेल भएका कारण पनि बालबालिकामा आकर्षण बढेको हुनसक्छ । शब्द मिलाउनका लागि यो खेल प्रभावकारी छ ।

हुन त आजकालका बालबालिकालाई मोवाइलको कुलतले नराम्रोसँग गाँजेको छ । बिगतका दिनमा बालबालिकाले खेल्ने गरेका कतिपय खेल लोप हुने खतरामा पुगेको छ । फिल्ड, ट्र्याकमा खेलिने खेलप्रति बालबालिकाको रुची घट्दै गएको छ । परम्परागत रैथाने खेलहरु लोप भइसकेका छन् । आजभोलि सहरी क्षेत्रमा ग्राउण्ड फ्यासिलिटीको अभावका कारण बालबालिका मोवाइलमैत्री बनेका हुन् । अभिभावकलाई पनि बालबालिका सडकमा निस्कनुभन्दा बरु मोवाइलमै ब्यस्त भएको ठीक लाग्छ । तर, त्यो मोवाइलको लतका कारण बालबालिका बिग्रन थालेको अभिभावक्लाई पत्तै छैन । यस्तो अवस्थाबाट बच्नका लागि पनि यो स्क्र्यावल खेल प्रभावकारी हुने देखिन्छ । बालजागृतिले शनिबार उनीहरुलाई स्क्र्यावल बोड पनि दिएर पठाएको थियो । विद्यालयमा शिक्षकको अनुपस्थितिमा खाली हुने कक्षामा यस्तै खेलको अभ्यास गराउन सक्दा पनि बालबालिकाले सिक्ने अवसर पाउने थिए । आफूलाई थाहा नभएको नियमका बारेमा गुगल सर्च गरेर पनि विद्यार्थीलाई जानकारी दिइरहेको शिक्षकहरुले बताएका छन् । विद्यालयमा शिक्षकलाई पनि स्क्र्यावल खेलका बारेमा जानकारी गराउने र खेल खेलाउनु पर्ने उनीहरुको भनाइ छ । पहिला शिक्षकले सिकेपछि विद्यार्थीलाई सिकाउन सहज हुनेछ । २५० भन्दा बढी विद्यार्थीले स्क्र्यावलका अभिमुखीकरणमा सहभागी हुने अवसर पाएका थिए । स्क्र्यावल (एक प्रकारको कोठेपद) खेलसम्बन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रममा बालजागृति स्कुलले सामुदायिक विद्यालयलाई पनि सहभागी गराएर उनीहरुलाई अवसर दिएको थियो ।

खेलको माध्यमबाट विशेषगरी शब्दको ज्ञान बढाउन सकिने भएकोले स्क्र्यावल खेलको विकास र विस्तारमा बालजागृति स्कुलले संस्थागत तथा सामुदायिक विद्यालयलाई सहभागी गराएर अभिमुखीकरण गरेको हो । स्क्र्यावलसम्बन्धी अभिमुखीकरणको अवसरमा बालजागृतिले नेपालमा स्क्र्यावल खेलका संस्थापक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्क्र्यावल खेलमा सहभागी भएका खेलाडीलाई सम्मान गरेको थियो । विद्यार्थीको क्षमता अभिवृद्धि गर्न र चेतनामा लगानीको क्षेत्रको मनोबल बढाउन स्क्र्यावल खेलले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताइएको छ । विद्यार्थीलाई बाहिरी ज्ञानको विकास गर्न, बौद्धिक क्षमताका विकास गर्नका लागि आयोजना गरेको कार्यक्रममा कक्षा ४ देखि १० सम्मका विद्यार्थीको सहभागिता रहेको विद्यालयले जनाएको छ । अभिमुखीकरणमा सहभागी भएका सबै विद्यालयलाई बालजागृतिले स्क्र्यावल बोर्ड नि:शुल्क प्रदान गरेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार १९ गते बुधबार ३ जुलाई २०२४ । द्वादशी, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# आफ्नो दायित्वबाट पन्छिने हाम्रो प्रवृत्ति



रमेशकेशरी वैद्य

वात्सवमा भन्ने हो भने हामी नेपाली खराब होइन, खालि औसतमा केही अल्लड र स्वार्थी मात्र हुन् । तर केही खराब मानिसहरुले गर्दा कुहिएको आलु, गोलभेँडा र फोहोर पोखरीको कहानीजस्तो भइराखेको छ हाम्रो देश । यसको असरले गर्दा मानिसहरु विदेश पलायन हुन बाध्य भइराखेका छन्।

त्यसकारण हाम्रो देशको आर्थिक हालत ठीक छैन। यो पक्का हो। मानिसहरुको पहिरन, लवाइ, खवाइ यसो हेर्दा केही धनी नै देखिन्छन् तर उनीहरुको भित्री घाउ र पीडालाई सरकारले ध्यान नै दिन सकिराखेको छैन। शायद यही कारणको उपज होला, हाम्रो देशमा माग्नेको संख्या बढ्नु, अपशब्द छाडा बोल्ने हुनु, घर कलह बढ्नु आदि कुरालाई सरकारले लापरबाह गरिराखेको मान्न सकिन्छ । यसकारणले गर्दा हामी यो भन्न सक्छौं कि देश चलाउनेहरु र सर कारी निकायहरु आफ्नो दायित्वबाट पन्छिरहेका देखिन्छन् । यो देशमा यसबाहेक सरकारहरुको क्रियाकलाप हेर्दा खालि फटाहा भाषण र अल्झने रोगमा नै समय बिताराखेका हुन्छन् ।

अहिले राजनीतिको रंगमञ्चलाई नियाल्दा महाभारत र रामायणका सकुनी, हनुमान, नारद र नटवरलालहरुको बोलवाला छ । यिनीहरुले सरकारलाई टेवा दिएर पिलरको काम गरिराखेका हुन्छन्, जसले गर्दा यिनीहरु बलवान् छन् । अरुको कुरालाई महत्व नदिनुको कारण पनि यही नै हो । यिनीहरुलाई सपोर्ट गर्नेहरुको पनि दालभातको गुजारा यसरी नै चलिराखेको हुन्छ भने अलि उच्च तहका व्यक्तिहरुको स्वदेशी तथा विदेशी बैंकहरुमा रकम पनि सञ्चित भइराखेको हुन्छ । यिनीहरुका लागि यी कुरा राम्रो होला, तर देश भाँडमा गएर सुस्त भयो नि । यही कारणले गर्दा देशमा धनी र गरिबको अन्तर पनि धेरै हुन गएको छ ।

वास्तवमा भन्ने हो भने, यस्ता मानिसहरुको लाइफ स्टाइललाई हेर्दा मुलुक धनी भएको भनिदैन । त्यसमाथि आर्थिक अवस्था र उद्योग, व्यापार, व्यवसाय शिथिल हुँदै जानु यो पनि खराब भविष्यको संकेत मान्न सकिन्छ । तैपनि सरकार भने दश प्रकारका करले जनतालाई पेलिराखेको हुन्छ। वास्तवमा सरकारले कर लिएअनुसार उदार मन र सोच ठूलो गरेर लगानीकर्ताहरुलाई हौसला तथा प्रोत्साहन दिनुपर्ने होइन र ? आखिर विदेशमा पनि यस्तै हो नि । खोइ यहाँ त उद्योगी, व्यापारी, व्यवसायीहरु रुनुपर्ने अवस्था छ। अब यसैको उल्टो हेर्नुस्, सरकारी कर्मचारीहरुको जीवनशैली, उनीहरुको न लगानी, न टेन्सन । सरकार भएपछि हरेकतिर ब्यालेन्स गर्न सक्नुपर्छ ।

यो देशमा दु:ख लाग्ने कुरा नै यत्रो आयस्रोतको देश भएर पनि देश सधैँ गरिब छ, जसले गर्दा सर्वसाधारणको जीवनशैली कष्टकर छ । खाना, शिक्षा र स्वास्थ्यको पिरलोले गर्दा जीवन पीडादायी छ। यसकारणले नेपालीहरु अझै दु:खी छन् । हेर्दा सुखी देखिए पनि यथार्थमा यस्तो होइन, जसको फलस्वरुप नेपालीहरु विदेशिन बाध्य छन्, अझै पनि । जुन सरकार आए पनि उनीहरुलाई मतलब छैन ।

आफ्नो जम्बो परिवारबाहेक, आफ्नो विलासी जीवनको आनन्दबाहेक जनता सोझो भयो भन्दैमा सरकारले जनताप्रति यस्तो बेवास्ता गर्नु लाजमर्दो कुरा हो । एक त सरकार राष्ट्रिय धनको तहबह मिलाउन सक्दैन, अर्कोतर्फबाट हेर्ने हो भने सर्वसाधारणलाई सस्तोमा दालभातसम्म पनि खुवाउन सकिराखेको छैन । फेरि के काम लाग्यो यस्तो लोकतन्त्र, गणतन्त्रको ? त्यसकारण यिनीहरुको अहं, एकोहोरो, विदेशीको चाकडी, करको पेलानले गर्दा मुलुक झन् धराशयी हुँदै गइराखेको छ । सरकार युवापुस्ताको रेमिट्यान्स, दाताको रकम, सर्वसाधारणको रकमबाट गुडिराखेका छन् । अब यिनीहरु नसुनि हो भने नेपालीहरुको भविष्य अवश्य पनि अन्धकार कालकोठरीजस्तो हुनेछ । तैपनि हामीले आशावादी हुनै परेको छ ।

यस्तो अवस्थामा नयाँ नेताहरु नै देशको लागि सक्रिय हुनु जरुरी छ । नत्र भने देश एकनासको भइराख्नेछ। यसबाहेक देशमा रहने समाजलाई उकुसमुकुस हुनेछ । यस्तो बेला कराउने कराइराख्ने र लेख्ने लेखिराख्ने मात्र हुन्छ। बेरोजगारको विकास त छँदै छ, यसले गर्दा भविष्यमा विकृतिहरु बढेर देश झनै डामाडोल हुने सम्भावना बढ्नेछ । यसको नतिजा अहिले हामीले भोगिराखेका छौं । जनता पनि चेतेका छैनन्, केही योगदान गर्न चाहँदैनन् ।

वास्तवमा देशको अवस्थालाई हेर्दा सरकार, नेता, सम्बन्धित निकायहरुलाई मात्र गाली गरिराख्नुभन्दा मानिसहरुको सोचले पनि अलि बेग्लै किसिमले मोड खाइराखेको छ । त्यो के भने, गलत तरिकाले पैसा कमाउने, अल्छी गर्ने, मुलुकको लागि योगदान नगर्ने आदि बिल्कुल खराब संस्कार हुन् । पहिला यसलाई अन्त्य गर्नु जरुरी छ । एक-अर्काको सहयोगले नै यस्ता खराब संस्कारलाई अन्त्य गर्न सकिन्छ अनि मात्र देश राम्रो हुने हो ।

अहिले नेपालमा पनि समयको मागले गर्दा राम्रा-राम्रा नयाँ नेताहरु आएका छन् । यिनीहरुले मुख्य गर्नुपर्ने काम भनेको नै राम्रो भिजन अपनाएर, फटाहा भाषणलाई त्यागेर, नचाहिने कुरामा नअल्झिनु हो । यसबाहेक आफ्नो क्षेत्रमा अभाव पूर्ति, मर्मत, सस्तो-सुलभरुपमा आवश्यक वस्तुको उपलब्धता र मानिसहरुलाई कसरी आत्मनिर्भर बनाउन सकिन्छ भन्ने कुरामा जोड गर्ने हो ।

अहिले देशमा आपराधिक गतिविधि पनि निकै बढेको छ । लालचको बाध्यताले पैसा पचाउने, लुटमार, बलात्कार, मानिस हराउने, हत्या आदि कुकर्महरुले गर्दा पनि देश नरमाइलो भएको छ। यो मामलामा देशमा चोर पुलिसको खेलजस्तो मात्र भइराखेको छ । वास्तवमा हुनुपर्ने सरकार, प्रधानमन्त्री र कानुन नै मजबुत हुनु जरुरी छ ।

अन्त्यमा एकपल्ट दोहोर्‍याएर भन्नुपर्दा देशको हालत आर्थिक हिसाबले डामाडोल छ । यसको कारण राज्य, व्यक्ति, समाजप्रति एक-अर्काले विश्वासघात गर्नु नै हो । यसलाई सही ठाउँमा ल्याउन हामीले सकेनौं, भगवान् आफैँले हिसाबकिताब गर्लान् भन्नुको विकल्प छैन । तर पनि हिम्मत भने हार्नुहुँदैन । जे होस्, अहिलेको घडीमा देश चलाउने तथा बुद्धिजीवीहरुले आफ्नो बुद्धिबल प्रयोग गरेर मुलुकको लागि सहयोग र योगदान गर्नु जरुरी छ । अनि मात्र देश राम्रो भएर अघि बढ्ने हो ।

*(साभार: नेपाल समाचार-पत्र)*

# क्रिकेटमा पूर्वाधार लगानी : खेलको भविष्य बढाउने महत्वपूर्ण कदम

सरोज भट्टराई

खेलकुदको क्षेत्रमा केही कथाहरूले कल्पनालाई मनमोहक बनाउँछन्, जस्तो कि असमानताहरूविरुद्ध उठेको एक अन्डर डग । क्रिकेटमा नेपालको यात्राले यस कथालाई प्रतीक बनाउँछ, नम्र सुरुवातबाट विश्व क्षेत्रको बलियो शक्ति बन्न निरन्तर प्रगति गर्दैछ । नेपालले आईसीसी टी-२० विश्वकप २०२४ मा सहभागिता जनाउँदै टोलीको सम्भावनालाई लिएर स्पष्ट उत्साह र आशावाद छाएको छ । यो कोसेढुङ्गाले नेपालको बढ्दो पराक्रमलाई मात्र होइन, यो माथिल्लो मार्गलाई निरन्तरता दिनको लागि परिष्कृत पूर्वाधार र उच्च गुणस्तरीय तालिम सुविधाहरूको महत्वपूर्ण आवश्यकतालाई पनि हाइलाइट गर्दछ ।

नेपालमा क्रिकेट एउटा खेल मात्र बनेर राष्ट्रिय गौरव र एकताको स्रोत बनेको छ । नेपाली फ्यानहरूमा क्रिकेटप्रतिको जोश निकै छ, जसले आफ्नो टोलीलाई हरेक विजय र अप्ठ्यारोमा उत्कटताका साथ समर्थन गरेका छन् । वर्षौंको दौडान, नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो क्षमता प्रदर्शन गर्दै आएको छ । प्रतिभा र दृढ संकल्प प्रदर्शन गर्दै, जसले आफ्नो हैसियतलाई गैरटेस्ट खेल्ने राष्ट्रको रूपमा बेवास्ता गरेको छ । टी-२० विश्वकप नेपालको प्रगतिको प्रमाण हो । स्थापित क्रिकेटिङ पावरहाउसहरूविरुद्ध प्रतिस्पर्धा गर्दै, नेपालले आफ्नो दिन आफैँलाई समात्न र उच्च श्रेणीका टोलीहरूलाई हराउन पनि देखाएको छ । यो उपलब्धि व्यक्तिगत प्रतिभाको नतिजा मात्र होइन तर कोचिङ, खेलाडी विकास र रणनीतिक योजनामा व्यवस्थित सुधार को प्रतिबिम्ब हो । तर, नेपालले आफ्नो नाफालाई सुदृढ गर्न र विश्व क्रिकेटमा आफ्नो माथिल्लो मार्गलाई निरन्तरता दिन पूर्वाधार र तालिम सुविधामा लगानी महत्वपूर्ण छ ।

पूर्वाधारको कमी एक लामो समयदेखिको चुनौती रहेको छ, जसले तल्लो तहको विकास र अभिजात वर्गका प्रशिक्षण कार्यक्रमहरू दुवैलाई असर गर्छ । उच्च गुणस्तरीय क्रिकेट मैदानहरू, आधुनिक सुविधाहरूले सुसज्जित र अन्तर्राष्ट्रिय मापदण्डमा राखिएको, युवा प्रतिभाको पालनपोषण गर्न र राष्ट्रिय खेलाडीहरूलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको कडाइका लागि तयार गर्न आवश्यक छ ।

यसबाहेक अत्याधुनिक प्रशिक्षण सुविधाहरूको प्रावधान सर्वोपरि छ । उच्च प्रदर्शन कोचिङ स्टाफ, खेलकुद विज्ञान विशेषज्ञता र कौशल विश्लेषण र फिटनेश अनुगमनको लागि उन्नत टेक्नोलोजीको पहुँचले खेलाडीको प्रदर्शन र लचिलोपन वृद्धि गर्न महत्त्वपूर्ण भिन्नता ल्याउन सक्छ । यी स्रोतहरूले राष्ट्रिय टोलीलाई मात्र फाइदा पुर्‍याउँदैन तर नेपाली क्रिकेटका सबै तहहरूमा उत्कृष्टता र व्यावसायिकताको संस्कृतिलाई बढावा दिँदै स्थानीय लिग र एकेडेमीहरूमा पनि पुग्छ ।

यसबाहेक क्रिकेट पूर्वाधारमा लगानी व्यापक समुदायमा लगानी हो । क्रिकेटमा पर्यटन, प्रायोजन र सहायक उद्योगहरूको विकासमार्फत आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने क्षमता छ । यसले व्यक्तिगत विकास र सामुदायिक संलग्नताका लागि अवसरहरू प्रदान गर्दै सामाजिक एकता र युवा सशक्तीकरणको लागि एक शक्तिशाली उपकरणको रूपमा पनि कार्य गर्दछ ।

नेपालले २०२४ को टी-२० विश्वकपमा प्रतिस्पर्धा गर्दा अगाडिका चुनौतीहरूको सामूहिक मान्यता छ । टोलीको प्रगति प्रशंसनीय भएपनि यस गतिलाई दिगो र निर्माण गर्नका लागि सरकार, खेलकुद निकाय, निजी क्षेत्र र नागरिक समाजका सरोकारवालाहरूको एकजुट प्रयास आवश्यक छ ।

सुविधाहरूमा सुधार गर्ने, कोचिङ विशेषज्ञता विस्तार गर्ने र तल्लो तहको सहभागितालाई प्रवर्द्धन गर्ने उद्देश्यले गरिएका सहयोगी पहलहरू नेपाली क्रिकेटको जग बलियो बनाउन समग्र रणनीतिका आवश्यक घटक हुन् । अगाडि हेर्दा नेपाल एक शक्तिशाली क्रिकेट राष्ट्रको रुपमा उभिने सम्भावना छ । पूर्वाधार र खेलाडी विकासमा निरन्तर लगानी, प्रशंसक र सरोकारवालाहरूको अटल सहयोगको साथमा, नेपालको क्रिकेट यात्राले भावी पुस्ताहरूलाई प्रेरणा दिने र खेलको समृद्ध टेपेस्ट्रीमा अमिट छाप छाड्ने वाचा गर्दछ ।

२०२४ को टी-२० विश्वकपमा नेपालको सहभागिता खेलकुद उपलब्धि मात्र होइन । यसले नेपाली क्रिकेटको क्षमतामा वर्षौंको समर्पण, लगनशीलता र अटल विश्वासको परिणतिलाई प्रतिनिधित्व गर्दछ । पूर्वाधारको आवश्यकतालाई सम्बोधन गर्दै र उत्कृष्टताको संस्कृतिलाई बढावा दिएर, नेपालले आगामी पुस्ताका लागि दिगो विरासत छाडेर आफ्नो क्रिकेटको सफलताको कथामा अर्को अध्याय लेख्न तयार छ ।

**क्रिकेट पूर्वाधारमा लगानी बढाउनु जरूरी छ**

क्रिकेट विश्वकपमा नेपालको उपस्थिति एउटा ठूलो उपलब्धि हो । देशभित्र रहेको प्रतिभा र जोशको प्रमाण हो । राष्ट्रले आफ्ना क्रिकेटरहरूमा ठूलो गर्व गर्नुपर्छ, जसले विश्व रंगमञ्चमा प्रतिस्पर्धा गर्न महत्वपूर्ण चुनौतीहरू पार गरेका छन् । यद्यपि, हामीले यो कोसेढुङ्गा मनाउँदै गर्दा, सरकारले उपलब्ध गराएको सहयोग र नेपालमा क्रिकेट पूर्वाधारमा भएका गम्भीर कमीकमजोरीहरू स्वीकार गर्नु महत्त्वपूर्ण छ ।

नेपालले अष्ट्रेलिया, भारत र इङ्ल्यान्डजस्ता क्रिकेटको पावरहाउसको स्तरमा प्रदर्शन गर्ने दोहोरिने अपेक्षा छ । यी राष्ट्रहरूसँग उनीहरूको क्रिकेट पूर्वाधार, प्रशिक्षण सुविधाहरू र तल्लो तहको विकास कार्यक्रमहरूमा लगानीको लामो इतिहास छ । यसको विपरीत, नेपालका क्रिकेटरहरूले सीमित स्रोतसाधन र न्यून सरकारी सहयोगको सामना गर्नु परेको छ । लगानीमा रहेको असमानताले एउटा आधारभूत प्रश्न खडा गर्छ: तुलनात्मक सहयोग बिना नेपालले समान स्तरको सफलता हासिल गर्ने अपेक्षा कसरी गर्न सक्छौं ?

उदाहरणका लागि अष्ट्रेलियामा अत्याधुनिक सुविधाहरू र बलियो घरेलु प्रतिस्पर्धाद्वारा समर्थित क्रिकेट संस्कृति राम्रोसँग स्थापित छ । उनीहरूको सफलता आकस्मिक होइन तर दशकौंको व्यवस्थित लगानी र विकासको परिणाम हो । यस्तै आधारबिना नेपालले यो सफलता दोहोरिने अपेक्षा गर्नु अवास्तविक मात्र होइन देशको प्रतिनिधित्व गर्ने समर्पित खेलाडीहरूका लागि पनि अन्याय हो । सबैभन्दा चर्को समस्या भनेको अन्तर्राष्ट्रिय क्रिकेट खेल आयोजना गर्न उपयुक्त रंगशालाको अभाव हो ।

**प्रतिभा र उत्साही प्रशंसकहरू**

क्रिकेट प्रतिभा र उत्साही फ्यानले भरिपूर्ण देश नेपालसँग अन्तर्राष्ट्रिय खेल आयोजना गर्न आवश्यक पूर्वाधारसमेत छैन । यो अपर्याप्तता देशमा खेलकुदको विकासमा ठूलो बाधा हो । स्टेडियमको अभावले खेलकुद पूर्वाधारमा व्यापक उपेक्षा झल्काउँछ । अन्य राष्ट्रहरूले प्रतिस्पर्धामा रहन आफ्ना सुविधाहरूको स्तरोन्नति र विस्तार गरिरहँदा नेपाल धेरै पछाडि छ ।

रंगशाला निर्माण गर्न वा अत्यावश्यक पूर्वाधारमा लगानी गर्न सरकार असफल हुनु भनेको अवसर गुमाउनु मात्रै होइन, यो राष्ट्रिय लज्जाको विषय हो । यो उपेक्षाले नेपाली क्रिकेटको सम्भावनालाई कमजोर बनाउँछ र क्रिकेटरहरूको भावी पुस्ताको विकासमा बाधा पुर्‍याउँछ ।

नेपाल क्रिकेट संघ (क्यान)भित्र लामो समयदेखिको आन्तरिक राजनीति र खुट्टा तानेको कारणले देशको क्रिकेटको विकासमा बाधा पुर्‍याएको छ । यी आन्तरिक द्वन्द्वहरूले दीर्घकालीन रणनीति र विकास योजनाहरू कार्यान्वयन गर्न गाह्रो बनाउँदै अस्थिर वातावरण सिर्जना गरेको छ । यी चुनौतीहरूको बाबजुद, क्षितिजमा आशा छ । क्यानको नयाँ बोर्ड स्थिति सुधार गर्न र नेपालमा क्रिकेटको लागि बलियो जग बसाल्न समर्पित देखिन्छ । यद्यपि उनीहरूको सफलता सरकारी अधिकारीहरूबाट पर्याप्त समर्थन प्राप्त गर्न र भित्री आन्तरिक राजनीतिलाई जित्नमा निर्भर छ । प्रश्न रहन्छ : के उनीहरूले आफ्नो प्रयासलाई निरन्तरता दिन र अर्थपूर्ण परिवर्तन गर्न आवश्यक समर्थन प्राप्त गर्नेछन् ?

नेपालको सबैभन्दा ठूलो सम्पत्ति भनेको यसको भावुक प्रशंसक आधार हो । फ्यानहरूको अटुट समर्थन ट्रम्प कार्ड हो जसले राष्ट्रको क्रिकेट महत्वाकांक्षालाई महत्त्वपूर्ण रूपमा अघि बढाउन सक्छ । प्रशंसकहरूको उत्साह र समर्पणले एक जीवन्त क्रिकेट संस्कृति सिर्जना गर्दछ जसले खेलाडीहरूलाई उनीहरूको उत्कृष्ट प्रदर्शन गर्न प्रेरित र उत्प्रेरित गर्न सक्छ ।

फ्यानहरूले नेपालले उच्च स्तरमा प्रदर्शन गर्ने आशा राख्नुमा केही गलत छैन, वास्तवमा यो अपेक्षाले प्रगति र सुधार गर्न सक्छ । यद्यपि फ्यान समर्थन मात्र पर्याप्त छैन । यी अपेक्षाहरू पूरा गर्न पूर्वाधार र विकासमा ठूलो लगानी आवश्यक छ । सरकारले यसलाई बुझेर आवश्यक स्रोत र सुविधा उपलब्ध गराउन तत्काल पहल गर्नुपर्छ, क्रिकेटको पूर्वाधार विकासमा निजी क्षेत्रलाई संलग्न गराउने सरकारको सबैभन्दा जरुरी र आवश्यक कदम हो ।

एक सहयोगी दृष्टिकोणले अझ प्रभावकारी र प्रभावकारी समाधानहरूको नेतृत्व गर्न सक्छ । एउटा अभिनव विचार भनेको स्टेडियम निर्माणको लागि प्रारम्भिक सार्वजनिक प्रस्ताव (आईपीओ)को अवधारणा अन्वेषण गर्नु हो । यो दृष्टिकोणले छिटो स्रोत परिचालन गर्न र विकास प्रक्रियामा जनतालाई संलग्न गराउन सक्छ ।

अमेरिकाले छोटो समयमै रंगशाला निर्माण गर्न सकिने देखाएको छ । ६ महिनाभित्र उनीहरूले ३८ हजारभन्दा बढी सिट क्षमताको स्टेडियम निर्माण गरे र सफलतापूर्वक विश्वकप कार्यक्रम आयोजना गरे । यो उदाहरणले सही विशेषज्ञता र दृढ संकल्पको साथ, द्रुत प्रगति हासिल गर्न सकिन्छ भनेर प्रमाणित गर्दछ । नेपालले यस्ता उदाहरणहरूबाट पाठ सिक्ने र समयमै यस्तै पूर्वाधार निर्माण गर्ने प्रयास गर्नुपर्छ ।

**तत्काल र जिम्मेवारी**

विश्वस्तरको रंगशाला निर्माण गर्नु र क्रिकेटको पूर्वाधार सुधार गर्दा खेलकुदभन्दा पनि फाइदा हुनेछ । ठूला कार्यक्रमहरूको आयोजनाले पर्यटनलाई बढावा दिन सक्छ, नेपाललाई विश्वव्यापी दर्शकसामु देखाउन र स्थानीय अर्थतन्त्रलाई उत्प्रेरित गर्न सक्छ । थप रूपमा परिष्कृत सुविधाहरूले एथलिटहरूलाई राम्रो प्रशिक्षण वातावरण प्रदान गर्नेछ । नेपाली क्रिकेटको समग्र स्तरलाई माथि उठाउन र अन्तर्राष्ट्रिय स्तरमा थप निरन्तर सफलताको लागि सम्भावित रूपमा नेतृत्व गर्नेछ ।

सन १९४६ मा गठन भएको क्यानले विश्व क्रिकेट काउन्सिलबाट सन् १९९६ मा अन्तर्राष्ट्रिय मान्यता पाएपछि विश्व रंगमञ्चमा नेपाली क्रिकेट टिम चलमलाउन थालेको थियो । क्रिकेट नेपालको एक लोकप्रिय खेल हो । स्वदेशी र विदेशी प्रतियोगितात्मक खेलहरू नेपालले खेल्दै आएको छ ।

गत वर्ष एसिया कपमा नेपालले भारत, पाकिस्तान र श्रीलंकासँग खेलेको रोमाञ्चक क्षण मनमा अझै ताजा छ । टीयूको क्रिकेट मैदानमा बदाम खाँदै अन्तर्राष्ट्रिय प्रतियोगिताका रमाइला अनुभवको खात छ । अनुभवको पत्रपत्रमाथि चढ्दै नेपालले सन् २०१४ मा पारस खड्काको कप्तानीमा पहिलोपटक बंगलादेशमा भएको टी-२० विश्वकप क्रिकेट खेलेको थियो । सन् २०२४ को टी-२० विश्वकपका लागि क्वालिफाइ हुँदा मात्र पनि हामी कतिकति खुसी भएका थियौं ।

सरकारले क्रिकेटमा लगानी गर्न खुट्टा कमाउनु हुँदैन । क्रिकेटलाई विशेष खेलका रूपमा राखेर लगानी गर्नुपर्छ । मुलुकलाई नै 'क्रिकेटको देश' भनेर चिनाउन सकिन्छ । हाम्रो मुलुकको हावापानी क्रिकेट खेलमैत्री छ । दुई ठूला टिमलाई नेपालमा खेलाउन सकिन्छ । खेल टुरिजम फस्टाउँछ ।

अन्तमा, नेपालले आफ्नो क्रिकेट उपलब्धिहरूमा ठूलो गर्व गर्नुपर्दछ, तर थप प्रगतिमा बाधा पुर्‍याउने प्रणालीगत समस्याहरूलाई सम्बोधन गर्न आवश्यक छ । सरकारले आवश्यक पूर्वाधारमा लगानी गर्न र नेपाली क्रिकेटलाई उचाइमा पुर्‍याउन काम गर्ने समर्पित व्यक्तिहरूलाई सहयोग गर्न तत्कालै जिम्मेवारी महसुस गर्नुपर्छ । निजी क्षेत्रलाई संलग्न गराएर र विश्वभरका सफल मोडलहरूबाट सिकेर, नेपालले आफ्ना जनताको जोश र सम्भावनासँग मेल खाने एउटा सम्पन्न क्रिकेट इकोसिस्टम सिर्जना गर्न सक्छ । त्यसपछि मात्रै विश्वका क्रिकेटिङ पावर हाउसहरूसँग बराबरीमा प्रतिस्पर्धा गर्ने सपना साकार हुन सक्छ ।

*(साभार: ई-कागज)*

# दिल खोलेर राष्ट्र बैंक भित्रिएका गभर्नर अधिकारी मुठी कसेर बाहिरिएलान् ?

काठमाडौं/नेपाल राष्ट्र बैंक गभर्नर महाप्रसाद अधिकारी आफ्नो पाँच वर्षे कार्यकालको अन्तिम मौद्रिक नीति ल्याउने तयारीमा छन् । मौद्रिक नीति तर्जुमा कार्यविधि अनुसार साउन दोस्रो साताभित्र आगामी आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति ल्याउने उनले बताइसकेका छन् । कोरोना महामारीले अर्थतन्त्र ठप्प भएका बेला २४ चैत २०७६ मा गभर्नर नियुक्त भएका अधिकारीको कार्यकाल आगामी चैत २०८१ मा सकिँदैछ ।

सरकारले ११ चैत २०७६ देखि कोभिड नियन्त्रणको लागि भन्दै लकडाउन गरेको थियो । ११ चैतबाट सुरु भएको लकडाउले आर्थिक वर्ष २०७६/७७ को अन्तिम त्रैमास सम्पुर्ण अर्थव्यवस्था नै ठप्प भयो । सोही समयमा नेपाल राष्ट्र बैंकको नेतृत्वमा महाप्रसाद अधिकारीलाई ल्याएको थियो । नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर भएर बैंकको सञ्चालक समिति र व्यवस्थापन समितिमा काम गरिसकेको गभर्नर अधिकारीको लागि केन्द्रिय बैंकको नेतृत्व गर्नु नयाँ अनुभव थिएन ।

कोभिडपछिको विषम परिस्थितिमा उद्धारता देखाउँदै मौद्रिक नीति ल्याएका गभर्नर अधिकारीले आर्थिक वर्ष कोभिडपछि सेयर बजार र घरजग्गाको मूल्यमा भएको वृद्धि बाह्य क्षेत्रमा दबाब भएपनि गभर्नर अधिकारीले मौद्रिक नीतिलाई कसिलो बनाउँदै लगे ।

चालु आर्थिक वर्षको समेत गभर्नर अधिकारीले ४ वटा मौद्रिक नीति ल्याइसकेको छन् । कोभिडपछि विश्वभरका केन्द्रीय बैंकले उद्धारता देखाउँदै लचिलो मौद्रिक नीति लिए । गभर्नर महाप्रसाद अधिकारीले पनि सोही अनुसनरको नीति लिए ।

अधिकारी गभर्नर नियुक्त भएपछि १३ जेठ २०७७ मा मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षाबाट नै कोभिडपछिको तर लता सहज बनाउन र 'मनी सप्लाई' बढाउन भन्दै अनिवार्य नगद मौज्दात ३ प्रतिशत कायम गरे भने बैंकदर समेत ६ बाट घटाएर ५ प्रतिशत बनाए । कोभिडका कारण आर्थिक गतिविधि बन्द भएको र कर्जाको मागसमेत हुन सकेन ।

आर्थिक वर्षको अन्तिम त्रैमासमा अत्यावश्यक वस्तुबाहेक आयात बन्द हुँदा आयात समेत घटेर निक्षेपमा उल्लेख्य वृद्धि भयो । अर्कातर्फ, तरलता सहज बनाउन भन्दै केन्द्रीय बैंकले लिएका नीतिले बजारमा थप तरलता सिर्जना गर्दा केन्द्रीय बैंकले मौद्रिक नीति सञ्चालन लक्ष्यका रूपमा रहेको अन्तरबैंक ब्याजदर व्यवस्थापन समेत गर्न सकेन । अन्तरबैंक ब्याजदर अत्यधिक घट्दा २०७६/७७ को भारित औसत अन्तर बैंक ब्याजदर नै ०.३५ प्रतिशतमा घट्यो ।

अधिक तरलताका कारण बैंकहरूले निक्षेपको ब्याजदर घटाउँदै लगे भने राष्ट्र बैंक पनि मौद्रिक नीति सञ्चालन लक्ष्यलाई प्रभावकारी कार्यान्वयन गर्नेभन्दा पनि वित्तीय क्षेत्रमा शुक्ष्म व्यवस्थापन गर्ने गरी ब्याजदर निर्धारणमा सर्त थप्नेतर्फ केन्दित भयो । कोभिडपछि २०७६/७७ अन्तिम त्रैमासबाट नै मौद्रिक नीति सञ्चालन लक्ष्य कार्यान्वयन गर्न नसक्दा तरलताको अधिक दबाब बजारमा परिसकेको थियो । निजी क्षेत्रको कर्जा २१ प्रतिशतले विस्तार हुने र विस्तृत मुद्राप्रदाय १८ प्रतिशतले बढ्ने प्रक्षेपण गरे पनि विस्तृत मुद्राप्रदाय लक्ष्य अनुसार नै विस्तार भयो ।

तर, निजी क्षेत्रको कर्जा १२ प्रतिशतले मात्रै बढ्यो । आव अन्तिम त्रैमासमा लकडाउनले गर्दा सबै क्षेत्र प्रभावित हुँदा कर्जा पनि बढ्न सकेन । मुद्रास्फीतिमा पनि दबाबकै अवस्था थियो । ६ प्रतिशतभित्र कायम राख्ने लक्ष्य भए पनि आव अन्तिममा वार्षिक औसत मुद्रास्फीति ६.१५ प्रतिशत थियो ।

गभर्नरको कार्यभार सम्हाले लगत्तै मौद्रिक नीति लचिलो बनाउँदै लगेका अधिकारीले २०७७/७८ को मौद्रिक नीतिबाट केन्द्रीय बैंकको 'म्यान्डेट' भन्दा वित्त नीतिले नेतृत्व नलिएको कोभिडपछिको आर्थिक पुनरुत्थान केन्द्रित नीति ल्याए । मूल्य र तरलताको दबाब



भएकै बेला 'इजी फाइनान्सिङ' लाई प्रोत्साहन गर्ने नीति लिनु गलत भएको मौद्रिक क्षेत्र बुझेका अर्थशास्त्री बताउँछन् ।

अन्तरबैंक कारोबार दर लाई सञ्चालन लक्ष्यका रूपमा लिने गरी मौद्रिक नीति ल्याएका उनले ब्याजदर करिडोरको प्रभावकारी कार्यान्वयन मार्फत तरलता व्यवस्थापन गर्न नसक्दा अन्तरबैंक ब्याजदर १ प्रतिशतभन्दा तल लामो समय बस्यो । कोभिडपछिको आर्थिक पुनरुत्थान नहुँदै विभिन्न वाह्य कारणसँगै आन्तरिक कारणले अर्थतन्त्रमा अहिलेको शिथिलता देखिएको राष्ट्र बैंककै अधिकारीहरू बताउँछन् । त्यतिबेला लामो समय अन्तरबैंक ब्याजदर तल छोडिदिँदा त्यसको असर अर्थतन्त्रले भोग्नुपरेको भन्दै अहिले राष्ट्र बैंक तरलता व्यवस्थापनमा विशेष ध्यान दिएको राष्ट्र बैंक अधिकारीहरू बताउँछन् ।

बैंकहरू अधिक तरलताको दबाबमा रहेको अवस्थामा राष्ट्र बैंकले पुनर्कर्जा कोषमा भएको रकमभन्दा ५ गुणा बढी पुनर्कर्जा दिनेगरी बजारमा थप मनी सप्लाई बढाउने भूमिका खेल्यो । तर, तरलता व्यवस्थापनमा केन्द्रीय बैंकले ध्यान नदिँदा २०७७/७८ को पहिलो दुई महिनामा कर्जा विस्तार नहुँदा समेत उक्त अवधिमा २७.३ प्रतिशतले कर्जा विस्तार भयो । जुन मौद्रिक नीतिको लक्षित सीमा २० प्रतिशतभन्दा धेरै उच्च थियो ।

पुनर्कर्जा मार्फत 'इजी मनी' सुविधासँगै राष्ट्र बैंक्ले कोभिड प्रभावित व्यवसायलाई थप चालु पूँजी कर्जा दिन सक्ने व्यवस्था, अर्कातर्फ अधिक तरलताबीच मनी सप्लाई बढाउने राष्ट्र बैंकको लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दियो । जसले गर्दा बैंकहरू जसरी पनि लगानी गर्ने दबाबमा व्यावसायिक मूल्याकंन गर्नेभन्दा पनि कर्जा विस्तार कसरी गर्ने भन्नेमा मात्रै केन्द्रित भए ।

उच्च कर्जा विस्तार हुँदा पनि अन्तर्राष्ट्रिय रूपमा नै मागमा आएको कमीले गर्दा उक्त वर्ष मुद्रास्फीतिको दबाब भने झेल्नुपरेन । ७ प्रतिशतको मौद्रिक नीति लक्ष्य भए पनि ३.६ प्रतिशत मात्रै मुद्रास्फीति कायम भयो । सञ्चिति पर्याप्ततता सूचकमा पनि खासै दबाब नपरेको र कर्जा विस्तार उच्च हुँदा विस्तृत मुद्राप्रदाय पनि १८ प्रतिशतको लक्ष्यमा २१.८ प्रतिशत थियो ।

सबै सूचक अनुकूल हुँदा केन्द्रीय बैंक कोभिडपछिको लचिलो नीतिबाट 'ब्याक' हुन चाहेन । सोही नीतिका कारण व्यावसायिक कर्जा घरजग्गा र सेयर बजारमा लगानी भएको सार्वजनिक रूपमा नै राष्ट्र बैंक, बैंक र निजी क्षेत्रले स्वीकार गर्दै आएको छ । कोभिडपछि 'आफू पनि बाँच्ने र व्यवसायीलाई पनि बचाउने' गरी लचिलो नीति ल्याइएको र बैंकिङ क्षेत्रले साथ दिँदा कोभिडपछि पनि नेपालको अर्थतन्त्रले ठूलो दबाब सामना गर्नुनपरेको गभर्नर अधिकारीले दाबी गर्दै आएका छन् ।

राष्ट्र बैंकले विश्लेषण गर्दै सही समयमा सही नीति लिएका कारण अर्थतन्त्रका सबै सूचक अहिले सकारात्मक रहेको उनले दाबी गर्दै आएका छन् । तर, सोही समयको नीतिले गर्दा सेयर बजार र घर जग्गा मूल्य आकाशिँदा छोटो अवधिमै उच्च पूँजीगत लाभ आर्जन भएको र सहज कर्जाले उपभोग्य संस्कृति हवात्तै बढेर आर्थिक वर्ष नसकिँदै वाह्य क्षेत्रमा असन्तुलनको अवस्था देखिन लागेको थियो ।

२०७८/७९ को मौद्रिक नीतिमा पनि पनि अर्थतन्त्रमा नकारात्मक असर पर्न सक्ने संकेत गरिए पनि गभर्नर अधिकारी मौद्रिक नीतिमा तत्काल 'कोर्स करेक्सन' को बाटोमा भने गएनन् । २०७७/७८ को मौद्रिक नीति अर्धवार्षिक समीक्षामा नै शीघ्र आर्थिक पुनरुत्थानमा टेवा पुऱ्याउने उद्देश्यले लागु गरिएका वित्तीय सहजीकरण र नियामकीय लचकता सम्बन्धी व्यवस्थाबाट वित्तीय स्थायित्व प्रभावित हुन नदिनेतर्फ सजगता अपनाउनुपर्ने भएको उल्लेख गरेको थियो ।

तर, २०७८/७९ को मौद्रिक नीतिले समेत सोही विश्लेषण उल्लेख गर्दै अघिल्ला वर्षकै नीतिलाई निरन्तरता दियो । 'कोभिड-१९ महामारीबाट प्रभावित क्षेत्रहरूको पुनरुत्थान गर्दै अर्थतन्त्र विस्तारमा सहयोग पुऱ्याउन मौद्रिक सहजीकरण गर्नुपर्ने र आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न कसिलो मौद्रिक नीति अवलम्बन गर्नुपर्ने अवस्थाबीच तालमेल मिलाई मौद्रिक नीतिको सन्तुलित कार्यदिशा अवलम्बन गरिनेछ,' मौद्रिक नीतिको कार्यदिशामा छ ।

कसिलो मौद्रिक नीति अवलम्बन गर्नुपर्ने बताए पनि राष्ट्र बैंकले मौद्रिक नीतिका औजारहरू भने परिवतर्न गरेन । ३ प्रतिशतको सीआरआर यथावत राखेका गभर्नर अधिकारीले बैंकदरलाई ५ प्रतिशत नै कायम गरे । ब्याजदर करिडोरको तल्लो सीमाका रूपमा रहेको निक्षेप संकलन दर १ बाट २ प्रतिशत र नीतिगत दरका रूपमा रहेको रिपोदर ३ बाट ३.५ प्रतिशत बनाए । तर, स्थायी तरलता सुविधा दर ५ प्रतिशत नै कायम राखे ।

२०७७/७८ मा नै उच्च आयात र कर्जा विस्तारको दबाब सुरु भइसकेको अवस्थामा २०७८/७९ मा पनि १९ प्रतिशतको उच्च कर्जा विस्तार र विस्तृत मुद्राप्रदाय १८ प्रतिशतले विस्तार हुने लक्ष्य मौद्रिक नीतिले लियो । मौद्रिक नीति लचक नै हुँदा उक्त आव ६ महिनामा कर्जा विस्तार वार्षिक बिन्दुगत आधारमा ३० प्रतिशतभन्दा माथि पुग्यो भने उच्च आयातले केन्द्रीय बैंक पनि केही संयमित बन्दै गयो ।

२०७७/७८ मा उच्च मनी सप्लाई हुँदा पनि मुद्रास्फीति न्यून नै थियो । तर, २०७८/७९ मा भने मुद्रास्फीति पनि बढ्दै जाने र कर्जा विस्तार पनि उच्च हुँदै गयो भने वाह्य क्षेत्रमा समेत दबाब बढ्दै गयो । ६.५ प्रतिशतभित्र उपभोक्ता मुद्रास्फीति कायम राख्ने लक्ष्यसहित मौद्रिक नीति ल्याएको केन्द्रीय बैंकले सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम राख्ने लक्ष्य लिएको थियो ।

तर, आव सुरुवातबाट नै आकाशिएको आयात र विदेशी मुद्रा आर्जनको स्रोत रेमिट्यान्समा अपेक्षाकृत वृद्धि हुन नसक्दा वाह्य क्षेत्रमा दबाबको अवस्था बन्दै गयो । मूल्यमा पनि दबाब बढ्दै गएर वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८ प्रतिशतभन्दा माथि पुगेको थियो ।

उच्च चालु खाता घाटा र बढ्दो शोधनान्तर घाटाबीच लगातार घटेको विदेशी विनिमय सञ्चिति गिरावट र मूल्यवृद्धि दबाबले आवको दोस्रो त्रैमासबाट नै केन्द्रीय बैंकले केही आयात नियन्त्रणको कदम चाल्न सुरु गऱ्यो । राष्ट्र बैंकले २०७८ मंसिरमा ल्याएको २०७८/७९ को मौद्रिक नीतिको प्रथम त्रैमासबाट नै आयात नियन्त्रणका लागि प्रयास सुरु गऱ्यो । मौद्रिक नीतिका औजार चलाउन भन्दा आयात नियन्त्रणका लागि चाँदी आयातमा कडाइ गर्न केही वस्तु आयात गर्दा चाहिने एलसी (प्रतीतपत्र) मा नगद मार्जिनको व्यवस्था जस्ता नीति केन्द्रीय बैंकले लियो ।

सोही आवको मौद्रिक नीतिमार्फत २०७९ असार मसान्तमा कर्जा स्रोत परिचालन अनुपात हटाएर कर्जा निक्षेप अनुपात (सीडी रेसियो) को व्यवस्था गर्ने र ९० प्रतिशत सीडी रेसियो कायम गर्नुपर्ने व्यवस्था केन्द्रीय बैंकले गरेको थियो । उच्च कर्जा विस्तार र तरलता समस्या आउन नदिने उक्त नीति ल्याएको भन्दै उक्त नीति सही समयमा ल्याउँदा वित्तीय क्षेत्रमा तरलता संकटबाट जोखिएको दाबी गभर्नर अधिकारीले गर्ने गरेका छन् ।

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाबाट भने मौद्रिक औजार एक्कासि कस्दै लग्यो । अर्थतन्त्रको आवश्यकता अनुसार कसिलो र लचिलो बनाउनुपर्नेमा समस्या आउँदासम्म कुर्ने र समस्या आएपछि एकैपटक कस्दै लगे । गभर्नरको सोही नीतिले समेत अहिलेको परिस्थिति आएको आरोप उनीमाथि लाग्दै आएको छ । आयात नियन्त्रण गर्ने र नगद मार्जिन राख्ने व्यवस्था सही निर्णय भएको बताउनेहरू नै अहिले गलत भएको बताउन थालेको असन्तुष्टि गभर्नर अधिकारीले सार्वजनिक रूपमै व्यक्त गर्दै आएका छन् ।

९ असारमा आयोजित बैंकिङ क्षेत्रको जोखिमपूर्ण सम्पत्ति व्यवस्थापन सम्बन्धी एक कार्यक्रममा गभर्नर अधिकारीले विज्ञहरूले नै दोहोरो कुरा गरेको भन्दै असन्तुष्टि व्यक्त गरे । 'त्यतिबेला सबै बिग्रियो, वाह्य क्षेत्र असन्तुलन भएर अर्थतन्त्रमा नै समस्या भयो भन्ने विज्ञहरूले नै आयातमा कडाइ गर्नु गलत थियो, गभर्नरले हतारमा निर्णय लिए भनेको सुनिन्छ,' अधिकारीले असन्तुष्टि व्यक्त गर्दै भनेका थिए, 'उहाँहरूले नै अर्थतन्त्रमा समस्या छैन । ठिक छ भनेर नीति बनाउनेलाई पनि विश्वास दिलाउने कार्य किन गर्न सक्नुभएन ?'

सही सुझाव नपाउँदा कमजोरी पनि हुने भन्दै राष्ट्र बैंकले सही समयमा सही नीति लिएको समेत उनले दाबी गरे । राष्ट्र बैंकको सीमितता हुँदा समेत मौद्रिक नीतिप्रति सबैको अपेक्षा बढेको तर सबैको अपेक्षा मौद्रिक नीतिले पूरा गर्न नसक्ने समेत उनले बताए ।

**वाह्य क्षेत्र र मूल्य स्थायित्वमा जोखिम देखिएपछि 'म्यान्डेट' मा फर्किएको मौद्रिक नीति**

२०७८/७९ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा र २०७९/८० को मौद्रिक नीति भने गभर्नर अधिकारीले थप कठोर बनाउँदै लगे । वाह्य क्षेत्रको दबाब, उच्च मूल्यवृद्धि नियन्त्रण चुनौतीबीच विश्व परिवेश अनुसार नै मौद्रिक नीति कसिलो बनाए ।

कोभिड प्रभाव नसकिँदै रुस-युक्रेन युद्धले आपूर्ति शृंखलामा परेको प्रभावका कारण चीन लगायत देशबाहेक अधिकांशले उच्च मुद्रास्फीति दबाब झेल्नुपऱ्यो । जसलाई नियन्त्रण गर्न विश्वभरिका केन्द्रीय बैंकले कसिलो नीति लिए । फागुन २०७८ मा आएको २०७८/७९ को मौद्रिक नीति अर्धवार्षिक समीक्षाले नीतिगत दर एकैपटक २ प्रतिशत बिन्दुले बढाइदियो । मौद्रिक नीतिको कार्यदिशा संकेतका रूपमा बैंकदर ५ बाट २ प्रतिशत बिन्दुले थप गरी ७ प्रतिशत कायम गरियो ।

ब्याजदर करिडोरसँग सम्बन्धित स्थायी तरलता सुविधा दर ७ प्रतिशत, नीतिगत रिपो दर ५.५ र निक्षेप संकलन दर ४ प्रतिशत कायम गरिएको थियो । यी सबै दर २ प्रतिशत बिन्दुले नै बढेका थिए । अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात भने केन्द्रीय बैंकले यथावत नै राख्यो । २०७८ पुससम्म तरलताको समस्या सुरु भइसकेको थियो ।

राष्ट्र बैंक्ले सोही मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाबाट नै पुनर्कर्जाको ब्याजदर बढाउने, पुनर्कर्जा क्रमश: हटाउँदै लैजाने, आयात गर्न प्रयोग हुने ट्रस्ट रिसिप्ट कर्जा, व्यक्तिगत अधिविकर्ष कर्जा, जग्गा प्लटिङ सम्बन्धी रियल इस्टेट कर्जा, व्यक्तिगत हायर पर्चेज कर्जा र मार्जिन प्रकृतिको सेयर धितो कर्जाको जोखिम भार पनि बढाउने निर्णय लियो । मौद्रिक औजार र नियामकीय औजार प्रयोग गर्दा पनि आयात नियन्त्रण नभएपछि २०७९ वैशाखबाट सरकारले केही वस्तुको आयात रोक्ने निर्णय नै लियो । जुन २०७९ पुससम्म कायम रह्यो । नगद मार्जिन व्यवस्था पनि एक वर्षसम्म कायम रह्यो ।

गभर्नर अधिकारीले मूल्य र वाह्य क्षेत्रको दबाब बढ्दै जाँदा २०७९/८० को मौद्रिक नीतिमार्फत मौद्रिक औजार थप कसिलो बनाउँदै लगे । २ देखि ३ प्रतिशत रहेको सीआरआर १ प्रतिशत बिन्दुले बढाएर ४ प्रतिशत कायम राख्नुपर्ने व्यवस्था भयो । वैधानिक तरलता अनुपात वाणिज्य बैंकले १० बाट १२ प्रतिशत कायम राख्नुपर्ने व्यवस्था भयो भने नीतिगत दर पनि बढाइयो ।

विस्तृत मुद्राप्रदाय १२ प्रतिशत र निजी क्षेत्रको कर्जा १२.६ प्रतिशतभित्र कायम राख्ने मौद्रिक नीतिको लक्ष्य थियो । मुद्रास्फीति ७ प्रतिशत र विदेशी विनियम सञ्चिति पनि ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने कायम राख्ने लक्ष्य मौद्रिक नीतिले लियो । जसका लागि विदेशी विनिमय सञ्चिति थप घट्न नदिने र आयात थप बढेको अवस्थामा दबाब पर्ने अवस्था थियो ।

सबैतिरबाट कसिलो नीति र गाडी लगायत वस्तु आयात प्रतिबन्धले उक्त वर्ष सुरुबाट नै आयात घट्दै गयो । नीतिगत दरमा पनि ब्याजदर करिडोर अन्तर्गतका दर १.५ प्रतिशत बिन्दुले वृद्धि गरी बैंकदर ८.५ प्रतिशत, नीतिगत दर ७ र निक्षेप संकलन दर ५.५ प्रतिशत कायम गरियो ।

यसरी कस्दै लगेको नीतिले आन्तरिक अर्थतन्त्र शिथिल बन्दै गयो भने आयात घटेको र बढ्न लागेको रेमिट्यान्सले २०७९ असोजमा १४ महिनापछि शोधनान्तर बचत भयो । क्रमश: वाह्य क्षेत्र सुधार हुँदै जाँदा आयात नियन्त्रणका लागि लिइएको नियामकीय उपाय लचिलो बनाउँदै लगियो ।

आयात प्रतिबन्ध पनि सरकारले हटायो । तर आर्थिक गतिविधिमा भने सुधार नहुँदा गत आव अन्तिममा आउँदा आर्थिक गतिविधि सुस्त हुँदै गयो । निमार्ण क्षेत्र, उत्पादन र थोक तथा खुद्रा व्यापारमा नै ऋणात्मक वृद्धि देखियो । १२.६ प्रतिशतको कर्जा विस्तार लक्ष्य भए पनि ५ प्रतिशतले पनि निजी क्षेत्रमा कर्जा विस्तार हुन सकेन । मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षाबाट नै बैंकदर १ प्रतिशत बिन्दुले घटाएर ७.५ प्रतिशत कायम गर्दा अन्य नीतिगत दर यथावत राखियो ।

राष्ट्र बैंकले गत आवको मौद्रिक नीतिबाट नीतिगत दर निर्धारण आधारका रूपमा मुद्रास्फीति अगाडि सारेको थियो । मौद्रिक नीतिले लिएको मुद्रास्फीतिको वार्षिक लक्षित सीमाभन्दा तल नआउने गरी नीतिगत दर तय गर्ने घोषणा केन्द्रीय बैंकले मौद्रिक नीतिबाट नै गऱ्यो ।

'विदेशी विनिमय सञ्चितिले वस्तु तथा सेवाको आयात धान्ने क्षमता र मुद्रास्फीतिलाई नीतिगत दर निर्धारण गर्ने प्रमुख आधारका रूपमा लिइने छ । वार्षिक लक्षित मुद्रास्फीति भन्दा कम नहुने गरी नीतिगत दर निर्धारण गरिने छ,' आव २०७९/८० को मौद्रिक नीतिमा थियो ।

*(स्रोत: अनलाइनखबर)*

# साउन ३२ गते सुरक्षाको 'बुलाकी' पुन: प्रदर्शन हुने




काठमाडौं/गत वर्षको बैशाख १ गते फिल्म 'बुलाकी' प्रदर्शनमा आएको थियो । तर, यही मिति प्रदर्शन भएको फिल्म 'जारी'का कारण पर्याप्त शोज नपाएपछि निर्माताले दुई दिनमै फिल्म हलबाट उतारेका थिए । अब आगामी साउन ३२ गतेबाट फिल्मलाई पुन: प्रदर्शन गरिने भएको छ । भदौ ३ जनै पूर्णिमा र भदौ ४ गते गाईजात्राको सार्वजनिक विदालाई लक्षित गर्दै फिल्मलाई प्रदर्शन गर्न लागिएको हो ।

'बुलाकी'का निर्माता तथा अभिनेता विराज विष्टले सोमबार बक्तव्यमार्फत फिल्ममा देखिएका कमी-कमजोरीलाई सुधार्दै थप उत्कृष्ट बनाएर प्रदर्शन गर्न लागिएको जनाएका छन् । 'कर्णाली तथा सुदूर पश्चिम भेगमा विद्धमान जारी प्रथाको यथार्थ कथालाई अघिल्लो पटकभन्दा परिस्कृत गर्दै र देखिएका कमी-कमजोरीलाई सुधार गर्दै फिल्मलाई थप उत्कृष्ट बनाएर ल्याउँदैछौं,' उनले भनेका छन् ।

गत वर्ष फिल्मलाई दुई दिनमै उतार्ने निर्णय लिएपछि निर्माता विष्टले दर्शकबाट राम्रो प्रतिक्रिया प्राप्त हुँदा समेत हल व्यवसायीहरुले अपहेलना गरेको भन्दै अब दर्शकहरुको मागअनुसार परिस्थिति हेरेर प्रोजेक्टरबाट चोक-चौतारामा फिल्म देखाउने बताएका थिए । त्योबेला 'जारी'को सुनामीले 'बुलाकी'को व्यापारमा ठूलो असर गरेको भए पनि दर्शक प्रतिक्रिया र समीक्षा भने राम्रो मिलेको थियो ।

लक्ष्मण सुनारको निर्देशनमा तयार भएको फिल्ममा सुरक्षा पन्त, नरेन खड्का, विराज विष्ट, रमेश बुढाथोकी, लक्ष्मी गिरी, कुलदीप अधिकारी, सुशील पोखरेल, झलनाथ खत्री, सोनु सेढाइ, प्रकाश कँडेल, सरस्वती खत्री लगायतको अभिनय छ । कर्णाली क्षेत्रको ग्रामीण जीवन, रितिरिवाज, जारी प्रथा र सन्तान नहुँदा वैवाहिक सम्बन्धमा आउने आरोह-अवरोहको कथामा फिल्म आधारित छ ।

# दयाहाङको फिल्म छान्ने शैली: 'म आम मानिस भएर स्क्रिप्ट पढ्छु'



काठमाडौं/दयाहाङ राई अहिलेको समयका 'नम्बर वान' अभिनेता हुन् भन्दा सम्भवत: अतिशयोक्ति नहोला । किनकि, केही वर्षयता सबैभन्दा बढी उनकै फिल्म चलेका छन् । यद्यपि, असफलताको दर पनि कम छैन । यतिबेला फिल्म क्षेत्रलाई नै आफ्नो काँधमा बोकिरहेका उनलाई फिल्मको प्रस्ताव सबैभन्दा बढी पुग्ने गर्छ । यसैले त अचेल वर्षमा महिनाभन्दा ज्यादा उनको 'लाइनअप'मा फिल्म हुन्छन् ।

धेरै फिल्मबाट अफर हुँदा छनोट गर्न ठूलो चुनौती हुन्छ । दयाहाङको भने फिल्म छान्ने आफ्नै शैली र तरिका छ । गत साता फिल्म 'घरज्वाइँ'को ट्रेलर सार्वजनिक कार्यक्रममा फिल्म छनोटको प्रक्रियाबारे उनले भनेका छन्, 'मलाई आएको स्क्रिप्ट पढ्छु । त्यतिबेला म कलाकार हुन्न । कलाकार भएर स्क्रिप्ट पढ्दिनँ । म आम मानिस जसरी पढ्छु र त्यसमा 'कनेक्ट' भएँ भने फिल्ममा काम गर्छु ।'

पछिल्लो समय दयाहाङले आदिवासी जनजातिको कथामा बनेका फिल्महरु धेरै गरिरहेका छन् । यसको मुख्य कारण उनी आफ्नो जातीय पृष्ठभूमिलाई मान्छन् । उनी भन्छन्, 'मेरो अनुहार नै त्यही छ । गुरुङ, राई, लिम्बू, मगर चरित्र मलाई सुहाउँछ । स्क्रिप्ट पनि त्यसरी नै आउँछ ।' 'कबड्डी' र 'जारी'को सफलतापछि विभिन्न समुदायको कथा भन्न मेकरहरुलाई आँट आएको उनको बुझाई छ ।

आदिवासी जनजातिको कथामा बनेका फिल्म धेरै गरेर दयाहाङ 'मोनोटोनस' भने भएका छैनन् । यस्तो कथाहरु अझै आइर हनुपर्छ भन्ने उनलाई लाग्छ । 'म मोनोटोनस भएको छैन ।

गुरुङ, मगर, लिम्बू समुदायको कथाहरु अलिअलि आइरहेका छन् । तर, हाम्रो यतिधेरै समुदाय छन् कि त्यसमा काम गरेर मैले यो जुनीमा पनि भ्याउँदिनँ । विभिन्न समुदायको कथा अझै आउनुपर्छ,' उनले भने ।

# हङकङमा 'जारी'को रेकर्ड 'पूजार सार्की'ले तोड्यो : लेखक सुवेदी




काठमाडौं/नेपालमा व्यावसायिक रुपमा सफलता हासिल गरेको फिल्म 'पूजार सार्की' यतिबेला विदेशमा समेत प्रदर्शन भइरहेको छ । जापान, यूके, दक्षिण कोरिया, यूरोप, कतार लगायतका देशपछि आइतबार हङकङमा पनि फिल्म प्रदर्शन गरियो । जसमा सहभागी हुन नेपालबाट फिल्मका अभिनेताहरु आर्यन सिग्देल, पल शाह, अभिनेत्री परीक्षा लिम्बू र लेखक विकास सुवेदी हङकङ पुगेका थिए ।

व्हाम्पोआ हलको दुईवटा स्क्रिनमा ७ सयभन्दा बढी दर्शक उपस्थित भएका थिए । दुवै स्क्रिन हाउसफुल हुँदा २ सय बढी दर्शकले फिल्म हेर्न नपाएको जनाइएको छ । फिल्म हेर्न नेपाली समुदायहरु बस नै 'रिजर्भ' गरेर हलमा पुगेका थिए । फिल्मप्रति दर्शकको क्रेजलाई मध्यनजर गर्दै केही दिनभित्र अरु पनि शोहरु आयोजना गर्ने तयारी भइरहेको हङकङका वितरक बिरेन थापाले बताए ।

लेखक सुवेदीले भने हङकङमा फिल्मले व्यापारिक हिसाबमा 'रेकर्ड' नै बनाएको दाबी गरेका छन् । 'यसअघि हङकङमा 'जारी'ले ठूलो संख्यामा दर्शक ओरालेको रहेछ, यसपटक 'पूजार सार्की'मा व्यापक दर्शक आए । 'जारी'को रेकर्ड पनि हाम्रो फिल्मले तोड्यो । राम्रो फिल्म भए संसारको जुनसुकै कुनामा भए पनि दर्शकहरुले स्वीकार गर्ने रहेछन् भन्ने महसुस भयो,' उनले खुसी व्यक्त गरे ।

फिल्मको हङकङ प्रदर्शनमा पल र आर्यनको क्रेज पनि हेर्नलायक रह्यो । उनीहरुसँग तस्वीर खिच्न र हात मिलाउन दर्शकहरुबीच हानाथाप चलेको थियो । फिल्म हेरेपछि दर्शकबाट प्रतिक्रिया पनि राम्रो मिलेको लेखक सुवेदीले बताए ।

कथावस्तु र कलाकारको अभिनयको सबैभन्दा बढी प्रशंसा भएको उनको भनाई छ । 'पूजार सार्की' नेपालका हलमा भने ५१औं दिन मनाउने संघारमा छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# डेरीमा दूध संकलन प्रभावित

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ तराईमा दूध उत्पादन घट्दा हेटौंडा दुग्ध वितरण आयोजनाको दूध संकलन प्रभावित भएको छ । आयोजनाले केही महिना अघिसम्म तराई क्षेत्रबाट दैनिक २२ देखि २३ हजार लिटरसम्म दूध संकलन गर्दै आएको थियो ।



विराटनगरमा धुलो दूध उत्पादनका लागि दैनिक १२ हजार लिटर दूध पठाउँदै आएको आयोजनाले हाल दैनिक छ हजार लिटर दूध संकलन गर्ने गरेको छ । संकलित दूध वीरगञ्ज, हेटौंडा र भरतपुरका उपभोक्ताले दैनिक चार हजार लिटर खपत गर्ने गरेको आयोजनाले जनाएको छ ।

मधेश प्रदेशको सर्लाही, बारा, रौतहट, पर्सा र बागमतीको मकवानपुरसमेत गरी करिब दुई सय दूध उत्पादक सहकारी संस्थाबाट आयोजनाले दैनिक दूध खरिद गर्दै आएको छ । आयोजनाले तराईका चार जिल्ला र बागमतीको मकवानपुरका कृषकबाट दैनिक छ हजार लिटर दुध खरिद गरी मासिक एक करोड ५० लाख रकम भुक्तानी दिने गरेको हेटौंडा दुग्ध वितरण आयोजनाका प्रमुख राजीव खनालले जानकारी दिए ।

आयोजनाले दैनिक एक हजार लिटर दही, एक हजार किलो घ्यू, एक हजार पाँच सय किलो मखन उत्पादन गर्छ । लालमन, पेडा र रसवरी छ सय किलो उत्पादन गर्दै आएको छ । उत्पादित दही, घ्यू, मखन र मिठाइहरु आयोजनाले हेटौंडा, वीरगञ्ज र भरतपुरका उपभोक्तालाई बिक्री गर्ने गरेको आयोजनाले जनाएको छ ।

हेटौंडा दुग्ध वितरण आयोजनाले बागमती प्रदेशको दुग्ध विकास बोर्ड हेटौंडालाई धुलो दूध उत्पादन गर्न दुईदेखि तीन दिनको अन्तरमा दुई हजार लिटर दूध पठाउने गरेको छ । बोर्डलाई दूध नपठाइएको दिनमा दुई हजार लिटर दूध आयोजनाले दही, मखन, घ्यू उत्पादनका लागि खपत गर्दै आएको आयोजनाप्रमुख खनालले जानकारी दिए । तराईमा वर्षात भएसँगै केही दिन पछिबाट दूध उत्पादन वृद्धि हुने आयोजनाको भनाइ छ ।

# निवर्तमान वडाध्यक्ष सामुदायिक वनको अध्यक्ष बने

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ मनहरी गाउँपालिका-९ स्थित ज्यामिरे कालिका सामुदायिक वनको अध्यक्षमा साधुराम अधिकारी निर्वाचित भएका छन् । अधिकारी निवर्तमान वडाध्यक्ष हुन् ।

२०७४ सालमा स्वतन्त्र उम्मेदवार बनेर वडाध्यक्षमा निर्वाचित भएका उनी दोश्रोपटक वन समूहको अध्यक्ष निर्वाचित भए । वनको निर्वाचनमा निकटतम प्रतिद्वन्दी लोकनाथ ढुंगानालाई १२८ मतान्तरले पराजित गर्दै अधिकारी बिजयी भएका हुन् । अधिकारीले ६ सय १४ मत प्राप्त गर्दा ढुंगानाले ४ सय ८६ मत मात्रै पाए ।

अर्का उम्मेदवार धर्मबहादुर थापा (थापाकाजी) ले ३२ मत पाएका छन् । उपाध्यक्ष जयन्ती गलान, कोषाध्यक्ष श्रीजना धिताल, सचिव वीरबहादुर मुक्तान र सहसचिव चिरञ्जीवि आचार्य बिजयी भएका छन् ।

सदस्यहरुमा अन्जु चेपाङ, शर्मिला थापा, सरु प्रजा, मैयाँ प्रजा, रितामाया स्याङ्बो, तेजबहादुर गिरी, शालिकराम कार्की, सन्तोष गिरी र प्रेमबहादुर रखाल निर्वाचित भए ।

# प्रादेशिक संरचनालाई राष्ट्रिय गौरवको आयोजनामा समेट्न सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ बागमती प्रदेश सरकारले प्रादेशिक संरचना निर्माणका योजनालाई राष्ट्रिय गौरवको आयोजनामा समेट्न सिफारिस गरेको छ ।

सोमबार बसेको मन्त्रि परिषद् बैठकले प्रदेश प्रशासनिक केन्द्र निर्माण योजनालाई राष्ट्रिय गौरवको आयोजनामा समेट्न संघीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालले जानकारी दिए । हेटौंडा-१७, हटियामा प्रदेश सरकारका प्रशासनिक निकायका भवन तथा संरचना निर्माण योजनालाई राष्ट्रिय गौरवको आयोजनामा समेट्न संघीय सरकारलाई सिफारिस गरेको मन्त्री दुलालले बताए ।

आयोजनास्थलमा वन क्षेत्रको केही जग्गा प्रयोग हुने भएकाले जग्गा प्राप्तिमा सहजीकरण गर्न गौरवको आयोजनाको रुपमा समेट्न सिफारिस गर्ने निर्णय गरिएको उनले बताए । वनक्षेत्रको जग्गाको भोगाधिकार प्राप्त गर्न सरकारको प्राथमिकता प्राप्त आयोजना हुनुपर्ने प्रावधानका अनुसार संघीय सरकार समक्ष सिफारिस गरिएको उनको भनाई रहेको छ ।

त्यस्तै मन्त्रिपरिषद् बैठकले प्रदेश उच्चशिक्षा नियमावलीका केही दफाहरु संशोधन गर्ने निर्णय गरेको छ । प्रदेश विश्वविद्यालय स्थापना, संचालन र शैक्षिक कार्यक्रम निर्धारणका लागि अनुकूल नदेखिएका दफाहरु संशोधन गर्ने निर्णय गरेको हो । बैठकले प्रदेश विश्वविद्यालयको विधान परिवर्तन गरी स्वीकृत गर्ने निर्णय गरेको छ ।

यसअघि निर्माण गरिएको विधानमा धेरै विषयहरु परिवर्तन गर्नुपर्ने देखिएकाले सो विधानलाई परिमार्जन परिवर्तन गरी स्वीकृत गर्ने निर्णय गरेको हो ।

बैठकले सिन्धुपाल्चोकको चौतारामा निर्माण भइरहेको प्राविधिक शिक्षालयमा पर्ने वनक्षेत्रको जग्गा भोगाधिकार प्राप्तिका लागि संघीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको छ ।

# थानाभ्याङस्थित सडक छेउमा खाल्डाखुल्डी पुर्दै



साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ डिभिजन सडक कार्यालयले हेटौंडा-११ थानाभ्याङस्थित सडकको दायाँबायाँ खाल्डाखुल्डी पुर्न सुरु गरेको छ । वर्षा र सवारीको चापका कारण यस क्षेत्रमा सडकको किनारा वरिपरि खाल्डाखुल्डी देखिएपछि डिभिजन सडक कार्यालयले खाल्डाखुल्डी पुर्न सुरु गरेको हो ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गतको यो सडक खण्डमा दैनिक सयौंको संख्यामा मालबाहक ट्रकका साथै अन्य सवारी साधनको चाप पर्ने गर्छ जसका कारण सडक र सडक किनारा छिट्टै बिग्रने गरेको सरोकारवालाहरु बताउँछन् । अझ वर्षाको समयमा यस क्षेत्रमा स्थानीयलाई बस्नै गाह्रो पर्ने गरी बाटोमा हिलो र धुलो थुप्रने गरेको छ ।

स्थानीयका अनुसार सडकको स्तरोन्नत्ति समय समयमा गर्ने गरिएको भएपनि त्यसको उचित अनुगमन नहुँदा र सवारी चापका कारण यो सडक छिट्टै बिग्रने गरेको छ । अहिले सडकको खाल्डाखुल्डी पुर्ने काम पनि केही समयको काम चलाउका लागि मात्रै भएकोले यसको दीर्घकालीन समाधानका लागि उच्चकोटीको पिच आवश्यकता भएको स्थानीय बताउँछन् । सडकको अवस्था र तीव्र गतिका कारण यस क्षेत्रमा बर्सेनी दुर्घटना बढ्दै गएको छ ।

# एसईई परीक्षामा उत्कृष्ट विद्यार्थीलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ सामुदायिक विद्यालयतर्फ एसईइ परीक्षामा उत्कृष्ट नतिजा ल्याई जिल्ला प्रथम भएको हेटौंडा ९ स्थित प्रगति माध्यमिक विद्यालयले विद्यार्थीलाई सम्मान गरेको छ ।



सोमबार एक कार्यक्रम आयोजना गर्दै उत्तीर्ण भएका विद्यार्थीलाई सम्मान गरिनुका साथै अभिमुखीकरण समेत गरेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र लामिछानेको सभाध्यक्षता तथा संविधानसभा सदस्य अनन्त पौडेलको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा कार्यवाहक वडाध्यक्ष विष्णु रानामगर, वडासदस्य कमला पौडेल, विद्यालयका निवर्तमान अध्यक्ष प्रदीप पौडेल, पूर्वअध्यक्ष विष्णुमणि अधिकारी, सामुदायिक सेवाकेन्द्रका अध्यक्ष राम विष्ट, पिटिए अध्यक्ष राजु गौतम, विद्यालयका प्राचार्य निरन्जनप्रसाद पराजुलीलगायत शिक्षाप्रेमीको आतिथ्यता रहेको थियो ।

उत्तीर्ण भएका विद्यार्थीलाई अबको योजना के हो ?, के पढ्ने ? करिअर कता लाने ? भन्ने विभिन्न विषयमा अभिमुखीकरण समेत गरिएको थियो । ग्रेडवृद्धि गर्ने विद्यार्थीलाई विद्यालयले नि:शुल्क कोचिङकक्षाको व्यवस्था गरिने विद्यालयले जनाएको छ ।

# तपश्वी रामबहादुर बम्जनलाई १० वर्ष कैद

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ तपश्वी दाबी गर्ने रामबहादुर बम्जन (लिटिल बुद्ध) लाई जिल्ला अदालत सर्लाहीले बालयौन दुराचार गरेको कसूरमा १० वर्षको जेल सजाय सुनाएको छ ।



जिल्ला अदालत, सर्लाहीका न्यायधीश जीवनकुमार भण्डारीको इजलासले सोमबार उनलाई १० वर्ष कैद र पीडितलाई ५ लाख रुपैयाँ क्षतिपूर्ति भराउन आदेश दिएको स्रेस्तेदार सदन अधिकारीले जानकारी दिए । यसअघि न्यायधीश भण्डारीको इजलासले १० असारमा बम्जनलाई दोषी ठहर गरेको थियो र सजाय निर्धारणका लागि सोमबारका लागि पेशी तोकिएको थियो ।

महिला अधिकारकर्मीको सहयोगमा ३० भदौ २०७६ मा ललितपुरमा पत्रकार सम्मेलन गर्दै १८ वर्षीया युवतीले बम्जनले पटकपटक बलात्कार गरेको खुलासा गरेकी थिइन् । त्यसपछि प्रहरीकहाँ पनि यो विषयमा उजुरी परेको थियो । सर्लाहीस्थित आश्रममा बालयौन दुराचार भएको जाहेरी थियो । ज्ञानकुमार र जीतबहादुरलाई मतियारको रुपमा सजाय मागदाबी गर्दै अदालतमा अभियोगपत्र पेश भएको थियो ।

बम्जनमाथि सर्लाहीकी रीता बोट, नुवाकोटकी कर्मा तामाङ, मकवानपुरकी फूलमाया रुम्बा, सुरेश आलेमगर र सञ्चमान वाइबा बेपत्ता पारेको अभियोग छ । उनीहरु सबैलाई सिन्धुलीस्थित आश्रमबाट बेपत्ता बनाइएको प्रहरी अनुमान छ । बम्जनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले २४ पुस २०८० मा काठमाडौंबाट पक्राउ गरेको थियो । घरबाट भाग्न खोज्दा उनी पक्राउ परेका थिए ।

प्रहरीले उनलाई २०७६ सालदेखि नै खोजी गरिरहे पनि २०८० सालमा मात्रै उनी पक्राउ परेका थिए । त्यसबीचमा उनी बारा, मकवानपुर, सिन्धुली जिल्लाका जंगलमा लुक्दै आएको आशंका गरिएको थियो । सर्लाही अदालतले २७ पुस २०८० मा उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

# देशभरि ७९१ भन्सार एजेन्ट

काठमाडा, १७ असार/ देशभरि ७९१ जना भन्सार एजेन्टले नियुक्ति लिएको अर्थ मन्त्रालयले जनाएको छ । अर्थमन्त्री वर्षमान पुनले आव २०७९/८० मा मात्र ६१८ जना भन्सार एजेन्ट नियुक्त भएको जानकारी दिए । यसअघि नेपालमा १७३ जना भन्सार एजेन्ट थिए ।

७९१ जना भन्सार एजेन्टमध्ये ६७ जनाले चालु आव २०८०/८१ को हालसम्म भन्सार एजेन्ट इजाजतपत्र नवीकरण नगरेको उनले जानकारी दिए । २५ जनाले भने निवेदन दिइ आफ्नो भन्सार एजेन्ट इजाजतपत्र खारेज गरेको अर्थ मन्त्रालयले जनाएको छ । अर्थमन्त्री पुनका अनुसार अहिले देशभरि क्रियाशील भन्सार एजेन्टको संख्या ६९९ रहेको छ । अर्थमन्त्री पुनले संसदमा उठेका प्रश्नको जवाफ दिँदै सो जानकारी गराएका हुन् ।

सांसदले भन्सार एजेन्टले भारतीयलाई सफ्टवेयर बेचेर भन्सारमा सामान घोषणा गराई कमिसन कुम्ल्याएको आरोप लगाउँदै यसमा कति सत्यता छ भन्दै सोधेका थिए ।

जवाफमा अर्थमन्त्री पुनले यसबारे भन्सार विभागमा कुनै सूचना तथा उजुरी नभएको स्पष्ट पारे । भन्सार एजेन्टलाई सम्बन्धित भन्सारमै बायोमेट्रिक हाजिरी गराउनु पर्ने र सामान घोषणाको कोटा प्रणाली लागु गर्नुपर्ने व्यवस्था नहुँदा दैनिक करोडौं रुपैयाँ राजस्व चुहावट भइरहेको प्रश्न समेत सांसदले राखेका थिए ।

# हेटौंडामा आयोजित लोजीकनमा सिटी कलेज उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ बागमती प्रदेशको राजधानी हेटौंडामा आयोजित लोजीकन २०२४ मा हेटौंडा सिटी कलेजको समूह ४ उत्कृष्ट भएको छ ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेसले आयोजना गरेको लोजीकनमा सहभागी ६ कलेजलाई पछि पार्दै सिटी-४ उत्कृष्ट हुन सफल भएको हो । आईटीका विद्यार्थीमा प्रतिस्पर्धात्मक कोडिङ संस्कृति प्रोत्साहन गर्ने उद्देश्यले गरिएको प्रतियोगितामा ६ विद्यालयका ३० जना विद्यार्थीले सहभागिता जनाएका थिए ।

तीमध्ये उत्कृष्ट सिटी कलेजको समूह-४ मा आयषु आचार्य, उज्ज्वल श्रेष्ठ र निशान्त विश्वकर्मा रहेका थिए । यस्तै, प्रतियोगितामा उपविजेता कोड वारियर्स भएको छ भने तृतीय हेटौंडा सिटीकै समूह एचसीसी इनोभेटर्स भएको छ । प्रतियोगितामा विजेता, उपविजेताले क्रमश: १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ र ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।

हार्दिक बधाई




RITIKA CHHATKULI
(GPA 4)

२०८० सालको एसईईमा 4 जीपीएसहित उत्कृष्ट नतिजा हासिल गर्ने हाम्री विद्यार्थी **रितिका छत्कुली**ले हामीलाई गौरन्वित गराएकी छिन् । यस सुखद् नतिजाप्रति प्रिय छात्रा रितिकासहित रितिकाको परिवार, अभिभावकप्रति समेत बधाई ज्ञापन गर्दै रितिकाको आगामी शैक्षिक जीवन अझ उन्नत एवम् सफल रहोस् भनी शुभकामना व्यक्त गर्दछौं ।

**विनोद सुवेदी (प्रिन्सिपल) एवम्**
**बालजागृति इंग्लिस सेकेण्डरी स्कूल परिवार**
हेटौंडा-२, मकवानपुर

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा
(+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

अध्यापन हुने विषयहरू

**विज्ञान संकायतर्फ**
क. भौतिक विज्ञान (Physics)
ख. रसायन विज्ञान (Chemistry)
ग. जिव विज्ञान (Biology)
घ. कम्प्युटर विज्ञान (Computer)

**शिक्षाशास्त्र तर्फ**
क. अंग्रेजी (English)
ख. नेपाली (Nepali)
ग. गणित (Math)

**व्यवस्थापन तर्फ**
क. विजनेस स्टडिज (Business studies)
ख. अर्थशास्त्र (Economics)
ग. गणित (Basic Math)

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

हाम्रो विशेषताहरू:

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाई प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४८३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना